सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily
जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १३७ | वि.सं. २०७९ पुस ०२ गते शनिबार | 17, 2022 Saturday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## नेपाल पत्रकार महासंघ पर्साको २५ औँ साधारण आज सभा सम्पन्न ।




वीरगञ्ज । नेपाल पत्रकार महासंघ पर्साको २५ औं साधारण सभा सम्पन्न भएको छ । महासंघका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा महासंघकै सभा कक्षमा साधारण सभा सम्पन्न भएको हो ।

साधारण सभालाई नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दिपेन्द्र चौहान, केन्द्रीय सदस्य केसी लामिछाने, मधेश प्रदेशका महासचिव श्याम बन्जारा, पूर्व अध्यक्ष अशोक तिवारी, पूर्व मध्यमाञ्चल संयोजक महेश दास लगायतले सम्बोधन गरेका थिए ।

सम्बोधनका क्रममा वक्ताहरुले पत्रकारिता क्षेत्रलाई व्यवसायिक र मर्यादित बनाउनुपर्नेमा जोड दिए । पछिल्लो समय पत्रकारिता क्षेत्रमा विभिन्न चुनौतीहरु थपिएको हुँदा प्रविधिको प्रयोग गर्दै पेशालाई प्रविधिमैत्री बनाउनुपर्ने वक्ताहरुको भनाई छ । पत्रकारको पेशागत हकहित एवम् संरक्षणका लागि महासंघ सँधै अग्रसर हुने शाखा अध्यक्ष तिवारीले बताए ।

आफ्नो कार्यकालमा थुप्रै निर्माणका कामहरु भएको बताउँदै उनले आगामी दिनमा पनि पत्रकारको हकहितका लागि निरन्तर आवाज उठाउने बताए । महासंघका उपाध्यक्ष युवराज खड्काले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको सहजीकरण महासंघका सचिव भुषण यादवले गरेका थिए ।यसैबिच आजै सम्पन्न बन्द सत्रमा सचिव भुषण यादवले सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष संजिव मिश्रले आर्थिक प्रतिवेदन पेश गरेका थिए । प्रस्तुत प्रतिवेदन छलफल पछि सर्वसहमतिले पारित भएको अध्यक्ष तिवारीले जानकारी दिए ।

## काँग्रेसबाट निर्वाचित वडा सदस्य यादवको खेतमा लगाइएको अवैध गाँजा खेती नष्ट ।




वीरगंज । पर्सा प्रहरीले पर्साको पकहामैनपुर गाउँपालिकाको वडा नं १ धोरेमा लगाईएको अबैध गाँजा खेती फडानी तथा नष्ट गरेको छ।

इलाका प्रहरी कार्यालय पोखरीयाका प्रहरी बरिष्ठ नायब निरीक्षक धर्मेन्द्र कुमार सिंह नेतृत्वमा गएको टोलीले पकहामैनपुर गाउँपालिका वडा १ धोरेमा ३ कठ्ठाको क्षेत्रफलमा लगाइएको भान्टा बारी एवं कोभि बारीमा लुकाई छिपाई लगाइएको गाँजा खेती आज नष्ट गरेको छ । पकहामैनपुर गाउँपालिका वडा नं १ मा नेपाली कांग्रेस पार्टीबाट निर्वाचित वडा सदस्य राजदेव यादवको खेतमा अवैध लागु औषध गाँजा लगाईएको सूचना पाए पछि प्रहरी वरिष्ठ नायब निरीक्षक सिंहको नेतृत्वमा गएको प्रहरी टोलीले उक्त गाँजा फडानी गरि नष्ट गरेको प्रहरीले जनाएको छ ।

## ठोरीका पूर्व गा.वि.स.उपाध्यक्षको नर्भु लामाको निधन , पुष ३ गते सार्वजनिक विदा।




वीरगञ्ज । पूर्व गा.वि.स. उपाध्यक्षको निधनमा पर्साको ठोरी गाउँपालिकाले सार्वजनिक विदा दिएको छ ।

२०४९ सालको पहिलो स्थानीय निर्वाचनमा साविक निर्मलबस्ती गा.बि.स. बाट उपाध्यक्षमा निर्वाचित भएका नर्भु लामाको निधन भएपछि गाउँपालिकाले पुष ३ गते आइतवार सार्वजनि विदा दिएको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत कृष्णलाल श्रेष्ठले शुक्रवार एक सूचना जारी गर्दै ३ गते आइतवार गाउँपालिकाका सम्पुर्ण सरकारी कार्यालय र विद्यालयहरु बन्द हुने जानकारी गराएका हुन् ।

स्वर्गीय लामाको चिर शान्तीको कामना गर्दै उनको सम्मान र स्मृतिमा गाउँपालिकाको निर्णय बमोजिम सार्वजनिक विदा दिइएको सूचनामा उल्लेख छ ।

## कांग्रेसबाट समानुपातिकमा २३ नयाँ अनुहार, महत र राणा तेस्रोपटक

काठमाडौँ – भर्खरै सकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा संसद्को पहिलो दल बनेको नेपाली कांग्रेसबाट ८९ सांसद निर्वाचित भएका छन् । प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ जना सांसद निर्वाचित भएका हुन् । कांग्रेसबाट प्रत्यक्षतर्फ निर्वाचित हुनेमा १६ नयाँ अनुहार छन् ।

निरन्तर दोहोरिएर समानुपातिकतर्फ सांसद बन्न नपाउने निर्णय लिएको कांग्रेसबाट यसपटक समानुपातिकमा २३ जना नयाँ अनुहार अटाएका छन् भने बाँकी सिट पटक-पटक सांसद र मन्त्री भइसकेका प्रभावशाली

***बाँकी तेश्रो पृष्ठमा***

## वीरगंज महानगरले हटायो दैनिक ज्यालादारीमा काम गर्ने कर्मचारी




**वीरगंज । वीरगञ्ज महानगरपालिकाले दैनिक ज्यालादारीमा काम गर्दै आएका ४ सयभन्दा बढी कर्मचारीको समयावधी नथपेपछि ती कर्मचारीहरु हटेका छन् ।**

महानगरले बिहीबार एक सूचना जारी गर्दै महानगरपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकी/केन्द्रहरुमा दैनिक ज्यालादारीमा कार्यरत सबैको समयावधी नथपेको जनाएको छ । लक्षित काम सकिएसँगै दैनिक ज्यालादारीमा कार्यरतहरुको समयावधी नथपिएको महानगरका प्रशासन प्रमुख रामकुमार कुशवाहाले बताए ।

महानगरपालिकाले यो समयमा 'मेयर घरदैलो स्वास्थ्य शिविर', 'वडालाई डिजिटल बनाउने अभियान', 'बृक्षारोपण' लगायत विभिन्न अभियान संचालन गरेको थियो । ती अभियानलाई लक्षित गर्दै महानगरले दैनिक ज्यालादारीमा कर्मचारी भर्ना गरेको थियो ।

'मेयर घरदैलो स्वास्थ्य शिविर' जारी रहे पनि अहिले अन्य अभियानको काम सकिएसँगै दैनिक ज्यालादारीका कर्मचारीहरुको पनि समययावधी थप नगरीएको प्रशासन प्रमुख कुशवाहले बताए ।

विभिन्न समयमा नियुक्त भएका दैनिक ज्यालादारीका कर्मचारी महानगरपालिकाको मंसिर २६ गतेको निर्णय अनुसार पुष १ गतेदेखि लागु हुने गरी हटेका हुन् ।

प्रशासन प्रमुख कुशवाहाले महानगरलाई आवश्यकता परेको समयमा ज्यालादारीमा काम लिने र आवश्यक नपरेको समयमा हटाउनु सामान्य प्रक्रिया भएको बताए । महानगरका मेयर राजेशमान सिंहले महानगरले समय समयमा अभियान सञ्चालन गर्ने गरेको र त्यसका लागि थप जनशक्ति चाहिने हुँदा नियुक्त भएका दैनिक ज्यालादारीका कर्मचारी अभियान सकिएसँगै हटेको बताए । आउने दिनमा

महानगरलाई चाहिएका बखत दैनिक ज्यालादारीमा फेरि कर्मचारी राख्न सकिने पनि उनले बताए ।

'निश्चित काम र अभियानका लागि भर्ना गरेका थियौं, ती अभियान अहिले सकिएको छ,' मेयर सिंहले भने, 'आउँदा दिनमा फेरि अन्य अभियान र कार्यक्रम सञ्चालन गर्दा दैनिक ज्यालादारीमा कर्मचारी राख्छौँ । अहिले न्युक्त भएका कर्मचारीहरुलाई विनाकाम पालेर महानगरलाई आर्थिक भार पार्नु भन्दा हामीले हटाउने निर्णय गरेका हौं ।

' निर्धारित काम सकिएपछि महानगरको व्ययभार कम गर्न ती कर्मचारीको समयावधी नथपिएको पनि महानगरले जनाएको छ ।



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# थिति बसाल्ने समय

**इन्द्र अधिकारी**

लोकतान्त्रिक अभ्यास र प्रणालीगत सुधारका हिसाबले नेपालको राजनीति अग्र दिशामै देखिन्छ, तर समाजको ठूलो तप्काले त्यसो भएको मान्न र भन्न सकिरहेको छैन । लामो समय एउटा परिपाटीमा अभ्यस्त वर्गलाई अहिलेको प्रणालीका कतिपय कुरा मन परिरहेका छैनन् ।

र उनीहरूलाई मन नपरेका कुरा विभिन्न माध्यमबाट बारम्बार रटान गरिदिँदा, झुटो नै भए पनि सयौं पटक दोहोऱ्याइरहे सत्य भनाउन सकिन्छ भनेझैं, अहिले केही मानिसको असहमतिले देशकै समग्र भाष्यको जस्तो रूप लिएको छ ।

निर्वाचन परिणाम र नयाँ उभार भएका दलहरूमध्ये धेरैका निर्वाचनपूर्वका प्रचार सामग्रीले यसलाई अरू जटिल बनाइदिएको छ । शताब्दियौंदेखि मुलुकको सामाजिक संरचनाको पींधमा रहेर भेदभाव भोगेका-सहेकाहरूका आशाका आयामहरूकै संकलित सार संघीयता र समावेशिता हो ।

तर अब प्रमुख दल र नेपाली समाजका प्रबुद्ध भनिनेहरू मिलेर अघि नबढ्ने हो भने यी मुद्दाहरूमा यस्तो भाष्य तयार गरिँदै छ, जोकोही पनि यिनका पक्षमा वकालत गर्न अक्षम साबित हुनेछन् ।

एकात्मक र असमावेशी राज्य संरचनाको जगमा नेपाल लामै समय हिँड्न खोज्यो । त्यस्तो संरचनाले नेपाली समाजका सबै तह र तप्कालाई सबलीकरण गर्न नसकेका कारण नै राज्य संरचनामा आमूल परिवर्तनको आवश्यकता महसुस भएको थियो ।

तर अहिले नेपाली समाजको विगत र वर्तमान सम्झन कोही तयार देखिन्न ।

जातका आधारमा दण्ड-सजायमा हुने भेदभाव, दलित भएर जन्मेका आधारमा सम्पत्तिदेखि व्यक्तिविशेषले गर्ने हरेक क्रियाकलापमा लगाइएको अंकुशका कारण त्यो समुदायले बेहोर्नुपरेको पीडा, किपटजस्ता सामूहिक स्वामित्वको जग्गा व्यवस्थापन प्रणालीलाई एकाएक खारेज गर्दा समुदाय तहमा परेको असर, अंशबन्डालाई लिएर घरभित्र महिला र पुरुषबीच हुने विभेद लगायतका बारेमा जनताको मत पाएर संसद् जाँदै गरेका तोसिमा कार्की र सोविता गौतमको पुस्तालाई बुझाउनुपर्छ भनेर मेरो समाजले स्विकारेन; न देशका स्कुल-कलेजका पाठ्यक्रममा राखेर त्यसलाई जनमनसम्म छलफलमा लैजान चाह्यो न त शिक्षकको तालिमको एक अंग बनाएर त्यो विषयलाई कक्षाकोठामा जीवन्त राख्न ।

महिनावारीका नाममा घरभित्र भइआएको छुवाछुतलाई 'हाम्रो संस्कृति' भनेर ढाक्न सफल ती युवाहरूको अभिभावक पुस्ताले काठमाडौं उपत्यकाकै रैथाने भनिने महिलाले जातविशेषमा जन्मेको या बिहे गरेकै आधारमा अरूको साइत नबिग्रियोस् भनी फलामको साङ्लोलाई पाउजुसरह लगाएर यात्रा गर्नुपर्ने विवशताका बारेमा उनीहरूलाई पक्कै बताएन ।

करिब छ दशकअघि ल्याइएको नयाँ मुलुकी ऐनअघिका सयौं वर्ष श्रुति र स्मृतिका रूपमा र झन्डै ११ दशक लिखित कानुनका रूपमा कार्यान्वयनमा रहेको पुरानो अर्थात् विक्रम संवत् १९१० सालको मुलुकी ऐनका दफादफामा रहेका यी भेदभाव अहिले हालीमुहाली गरिरहेको र उमेरले ५० काटेको पुस्ताले राम्रैसँग अनुभव गरेको छ ।

यी कुराहरूबारे बहस उठ्न नसक्ने सामाजिक संरचना कसरी बनेछ भनेर पनि प्रश्नहरू आइरहेका छन् । जे होस्, कम्युनिस्ट कार्यकर्ताहरूसँग सामाजिक विभेदको एक हदको बुझाइ छ, तर नेताहरूमा कार्यान्वयनको प्रतिबद्धता कमजोर छ ।

कांग्रेसका पाका नेताहरूलाई यसबारे थाहा त छ, तर कार्यकर्तामाझ गएर बुझाउन कमै तयार छन् । अहिले एकाएक राजनीति गर्छु भनेर आएको युवा पुस्ता आफैंमा अन्योलमा छ, किनभने उसलाई न पाठ्यक्रममार्फत यसबारे ज्ञान दिइयो न त पढाउने मान्छेलाई नै नेपाली समाजको विगत र वर्तमानबारे यथेष्ट ज्ञानसहित तयार गरियो ।

तत्कालीन समाजबारेको सूक्ष्म ज्ञान अर्थात् त्यहाँभित्रको सामाजिक विभेदका सन्दर्भमा मधेश र बहिष्करणमा परेका अन्य क्षेत्र-समुदायको अवस्था पनि उस्तै कमजोर हो । तर फरक के छ भने, मधेशी भएका आधारमा अरू समुदायले गर्ने अपमान र भेदभावलाई लिएर त्यहाँ वर्षौंदेखि छलफलको माहोल छ ।

त्यहाँका सामाजिक अभियन्ताहरूले यसबारेमा लामै समय काम गरे, उपेन्द्र यादवदेखि सीके राउतसम्मले विगत दुई दशकमा पुस्तक, पम्प्लेट तथा माइकिङ र भाषणमार्फत टोलटोलमा पुऱ्याए ।

अहिले उपलब्ध आमसञ्चारका प्रविधि र सामाजिक सञ्जालको प्रयोगमार्फत त्यस्ता सामग्री घर-घरमा, व्यक्ति-व्यक्तिको पहुँचमा हुन सके । परिणामत:, मधेशीहरूमा एक प्रकारको जागरण छ, आफ्ना मान्छेमार्फत यस्ता विभेद अन्त्य गर्ने प्रणका साथ उनीहरूले मतदान गर्दै आएका छन् ।
हिजो उपेन्द्र यादवका नाममा आएको मत होस् या आज सीके राउतका

बाँकी तेश्रो पृष्ठमा

# नयाँ नेपाल र कांग्रेसको दायित्व

**शंकर तिवारी**

२०६२-६३ सालको जनआन्दोलनताका 'नयाँ नेपाल' भन्ने शब्दावली निकै चर्चामा थियो । चोकचौतारो र खेतखलियानदेखि चियापसल हुँदै नेताहरूका भाषणसम्म 'नयाँ नेपाल' ले सबैलाई तरंगित पार्थ्यो । अहिले त्यसको डेढ दशकयता 'नयाँ नेपाल' भन्ने शब्द प्रयोग गर्ने जाँगर कसैले चलाउँदैन ।

कतै हामी 'नयाँ नेपाल' सपनाको मलामी जाँदै गरेका शोकमग्न यात्रीको जमातमा परिणत त भइरहेका छैनौं ? के हामीलाई २०६२-६३ सालअगाडिको नेपाल चाहिएको हो कि हामी सपनाविहीन बन्न पुगेका हौं ? के कुनै उद्देश्य वा सपनाबिना कुनै देश वा नागरिक अगाडि बढिरहेका हुन्छन् ? के त्यो बदल्न सकिँदैन ?

नेपाली राजनीति तीव्र संक्रमणमा छ । त्यो संक्रमण पार्टीभित्र र बाहिर पनि देखिन्छ ।

तर अहिलेसम्म यो लडाइँमा 'परम्परागत स्कुल' ले नै 'नयाँ स्कुल' माथि विजय प्राप्त गरिरहेको छ ।

२०४८ सालदेखि तर मार्न सुरु गरेको यो पुस्ता जनतामा कुनै आशा जागृत नगरी अविच्छिन्न रूपमा, निर्बाध राज्यतन्त्रमा रजगज गरिरहेको छ । जनताको जीविकाका सवालदेखि पर्यावरणको संकटसम्म राजनीति विमर्शको केन्द्रमा छैनन् । तदर्थवादी आचरणको बिगबिगी जारी छ ।

नेताहरूको कर्म, आचरण र व्यवहारले गर्दा देश स्वप्नविहीन बनेको छ । गणतान्त्रिक संविधान जारी भएपछिको दोस्रो आम निर्वाचनको परिणामले २०५१ सालको त्रिशंकु संसद् बन्ने कुराले निराशाको स्थिति छ ।

धेरैलाई यो संसद् २०४७ सालको संविधान अन्तर्गतको होइन भन्ने जाँगर पनि छैन, अनिश्चय र अस्थिरता फैलाउने होड चलेको छ । के यो निराशा, गतिहीनता, अकर्मण्यताबाट बाहिर निस्कने कुनै उपाय छैन ?

तत्कालका लागि त्यो बदल्ने सामर्थ्य नेपाली कांग्रेसका सांसदहरूले राख्छन्, नयाँ संसद्को ठूलो दलको सदस्यका हैसियतले कांग्रेस संसदीय दलको नेतृत्व बदलेर । त्यो अपरिहार्य भएको कुरा मंसिर ४ यता विकसित घटनाहरूले पुनर्पुष्टि गरेका छन् ।

प्रथम गणतान्त्रिक संसद्को निर्वाचन सम्पन्न गराएपछि २०७४ सालमा प्रधानमन्त्री शेरबहादुर देउवाको कुर्सी छोड्नुपर्ने प्रस्ट देखिएको थियो । तैपनि उनले मन्त्रिपरिषद्बाट वृद्धभत्ता वृद्धि गरेर पाँच हजार रुपैयाँ पुऱ्याउने निर्णय गराएका थिए ।

उक्त निर्णय उनले कामचलाउ सरकारको क्षेत्राधिकारलाई मिचेर गरेका थिए । अहिले पाँच वर्षपछि मंसिर ४ को निर्वाचन परिणाम निर्वाचन आयोगले राष्ट्रपतिलाई बुझाउने समयमा प्रधान न्यायाधीश चोलेन्द्रशमशेरको अदालत फिर्तीको असफल कोसिस र मुलुकी फौजदारी कार्यविधि संहिता-२०७४ लाई संशोधन गर्न बनेको 'मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश-२०७९' लाई लिएर तीव्र रूपमा मत विभाजन भएको छ ।

पुरानो नेतृत्वले कसरी जवाफदेहीविहीन शैलीमा काम गर्छ भन्ने कुराको ज्वलन्त उदाहरण यी घटना बन्न पुगेका छन् ।

अध्यादेश सामान्य अवस्थामा आउँदैन । संविधानको धारा ११४ को उपदफा १ का अनुसार संघीय संसद्का दुवै सदनको अधिवेशन चलिरहेको बाहेक अन्य अवस्थामा तत्काल केही आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ । अध्यादेश संसद्का दुइटै सदनमा पेस गरिनुपर्छ र दुइटै सदनले स्वीकार नगरेमा स्वत: निष्क्रिय हुने प्रावधान छ ।

तर, अध्यादेश निष्क्रिय भए पनि त्यस अनुसार भएका निर्णयहरू भने बदर हुँदैनन् । केपी ओली र देउवाले प्रधानमन्त्रीका रूपमा ल्याएका अधिकांश अध्यादेश संसद्मा पेस भएका छैनन्, ती त खालि चोर बाटोबाट शासकीय लहड र सनक सदर गराउने माध्यम बनेका छन् ।

२०७८ जेठ ९ मा ल्याएको नागरिकता सम्बन्धी अध्यादेशमा रोक लगाउँदै सर्वोच्च न्यायालयले भनेको छ, 'कानुन निर्माण गर्ने अधिकार विधायिकामा निहित रहेको छ ।

राज्यको शासन व्यवस्था सञ्चालनको क्रममा यदाकदा विधायिकाको अधिवेशन चालु नरहेको अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा सीमित अवधिसम्म प्रभावी रहने गरी अध्यादेश जारी गर्ने अधिकार कार्यपालिकालाई संविधानले प्रदान गर्ने अभ्यास पनि रहिआएको छ । तर, यसरी अध्यादेश जारी गर्ने कुराका सीमा-बन्देजहरू छन् ।

संविधानद्वारा निर्धारित सीमा-बन्देज नाघेर अध्यादेश जारी गर्न मिल्दैन । शासकीय सुविधा वा अमुक राजनीतिक उद्देश्यप्राप्तिका लागि विधायिकालाई छलेर अध्यादेश जारी गर्दा त्यसबाट विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको अवस्था पैदा हुन सक्छ ।'

अधिकांश अध्यादेश अमुक राजनीतिक उद्देश्यप्राप्तिका लागि जारी भएका छन् । मुलुकी फौजदारी कार्यविधि संहिता (पहिलो संशोधन) अध्यादेश-२०७९ पनि त्यसैको निरन्तरता हो ।

रेशम चौधरीको मुद्दा राजनीतिक-आपराधिक पृष्ठभूमिको भए पनि आजको शीर्ष नेतृत्व त्यो मुद्दालाई राजनीतिक मात्र मान्न तयार देखिन्छ ।

तर त्यो मुद्दालाई राजनीतिक साबित गर्न किन यो समय रोजियो ? नयाँ संसद्को अधिकार किन खोसियो ? देउवालाई आफ्नो छैटौं सत्तारोहण सुविधाजनक बनाउनका लागि मात्र यो अध्यादेश सतहमा आएको छ ।

देउवा र सत्ता गठबन्धनका नेताहरूले संसद्ले दुई पटक पारित गरेको नागरिकता ऐनमा लालमोहर लगाउन इन्कार गरेकी राष्ट्रपतिले यो अध्यादेश अनुमोदन गर्ने निश्चितता नै नभएका बेला किन यो जोखिम लिए ? देउवाले आफ्नो छैटौं सत्तागमनलाई सुरुआतमै विवादमा मुछिदिएका छन्, विवादास्पद विगतबाट आगत बदल्न पाठ नसिकेको प्रमाणित गरेका छन् ।

चोलेन्द्र प्रकरण उनको प्रथम नियुक्तिदेखि अवकाशको आखिर दिनसम्म नेपालको अदालती इतिहासमा बिर्सनलायक अतीत बनेर रहनेछ ।

उनको अवकाशलाई रमिता बनाउनेभन्दा पनि अदालतलाई कार्यपालिकाको अधीनमा राख्ने सोच हावी भएकाले त्यस्तो भएको थियो । चोलेन्द्र प्रकरणमा पनि प्रधानमन्त्रीका रूपमा प्रत्यक्ष रूपमा देउवाको संलग्नता रहेका रिपोर्टहरू सार्वजनिक भएका थिए । मुहान सड्लो बन्ला र तलका बेथितिहरू बिस्तारै ठीक होलान् भन्ने जनअभिलाषा मृगमरीचिका बनेको छ ।

इतिहासमा यस्ता क्षणहरू आउँछन् जति बेला पुरानो पुस्ता नयाँलाई विश्वास गरेर अगाडि बढ्नुपर्छ ।

पुरानाहरूका हातमा प्राविधिक बहुमत होइन, इतिहासकै प्राधिकार, प्रचण्ड बहुमतसहित अनेक कुरा हुन्छन् तर उनीहरूले समय बदलिएको महसुस गरेर आफैं सत्ता हस्तान्तरण गर्छन्, त्यो पनि कुशल हातहरूमा । गणेशमान सिंह, नेल्सन मण्डेला यस्तै उदाहरण थिए ।

देउवा २०५२ सालमा प्रथम पटक प्रधानमन्त्री बन्दाभन्दा आज देश धेरै जवान बनेको छ । देशको जनसंख्याले नयाँ आकार ग्रहण गरेको

बाँकी तेश्रो पृष्ठमा

# सुशासनयुक्त शासन

**गणेशदत्त भट्ट**

अस्थिर समाजमा निर्वाचनको परिणामले मुलुक अर्को विवादको भुँमरीमा परेको देखिन्छ
देशमा संघ र प्रदेशसभाको निर्वाचन एकसाथ सफलताका साथ सम्पन्न भएको छ। जसबाट लोकतन्त्रको संस्थागत विकासको बलियो आधार निर्माण भएको छ। लोकतान्त्रिक राज्यको राजनीतिक प्रणालीको आधार प्रतिनिधित्व हुन्छ। प्रतिनिधित्व गर्ने र गराउने कार्यमा निर्वाचन एक महत्त्वपूर्ण कार्य हो। निर्वाचनले जनतालाई शासन सञ्चालनका लागि आफ्ना प्रतिनिधि चयन गर्ने नागरिक अधिकारलाई सुरक्षित राखेको हुन्छ।

आम नागरिक/मतदातालाई राजनीतिक रूपमा शिक्षित र सक्रिय गराउँछ। सरकार निर्माण तथा त्यसको सञ्चालनमा समेत सबै मतदाताहरूलाई कुनै न कुनै रूपमा सहभागी गराउँछ। राज्यशक्तिको बागडोर जनताकै हातमा छ भन्ने कुरालाई पुष्टि गर्छ।

निर्वाचन भनेको आवधिक रूपमा नागरिकले सम्पन्न गर्ने एउटा प्रमुख राजनीतिक भूमिका हो। यसको माध्यमबाट शासनले आफ्नो वैधानिकता प्राप्त गर्छ। स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न हुने आवधिक निर्वाचन आधुनिक राज्य व्यवस्थाको अनिवार्य सर्त हो। लोकतन्त्र जनताको सहमति र सहभागितामा सञ्चालन हुने व्यवस्था हो। जसका लोकतान्त्रिक शासन व्यवस्थाको सञ्चालनका लागि आवश्यक पर्ने जनताको सहमति र सहभागिता निर्वाचनका माध्यमबाट मात्र अभिव्यक्त हुन्छ। जनताबाट निर्वाचित प्रतिनिधिहरूद्वारा सञ्चालन हुने वैधानिक व्यवस्थाको आधार नै निर्वाचनले खडा गर्छ।

नेपालको संविधानको धारा- २ ले नेपालको सार्वभौमसत्ता राजकीयसत्ता नेपाली जनतामा निहित रहने व्यवस्था गरेको छ। जसको अर्थ हो, निर्वाचनका माध्यमद्वारा नागरिकले उक्त संविधानको धारा-२ मा उल्लेखित अधिकारको प्रयोग गर्छ। अर्थात् मताधिकारको बलमा मुलुकको शासन सञ्चालनका लागि आफ्ना प्रतिनिधिहरूको चयन गर्छन्। यस अर्थमा निर्वाचन लोकतान्त्रिक शासन पद्धतिको वैधानिकता पुष्टि गर्ने एक सशक्त माध्यम हो। लोकतान्त्रिक शासन पद्धतिले निर्वाचनका लागि निर्वाचन होइन कि यसले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र विश्वसनीयतामा जोड दिन्छ। लोकतन्त्रको संस्थागत सुदृढीकरण, उत्तरदायी शासन व्यवस्थाको स्थापना, सचेत र जागरुक नागरिक समाजको निर्माण, नागरिक राज्यको स्थापना, विधिको शासन, आमरूपमा राजनीतिक शिक्षा र संस्कृतिको विकास, राष्ट्रका प्रमुख सरोकारहरूमा जनस्तरमा छलफल, समावेशी राज्यको स्थापना, जनताको सहमति र सहभागितामा राज्य सञ्चालनको अवस्थाको सिर्जना र समग्रमा वैध शासन व्यवस्था कायम गर्न निर्वाचनले महत्त्व भूमिका खेल्छ।

नेपालको संविधानको धारा-७४ को व्यवस्थाले, 'नेपालको शासकस्य स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली हुनेछ' भन्ने व्यवस्था गरेको छ। त्यसैगरी संविधानको धारा-५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था गरेको छ। संविधानकै व्यवस्थाबमोजिम संघ, प्रदेश र स्थानीय तहको कार्यकाल पाँच वर्षको हुने व्यवस्था गरेको छ। माथि उल्लेखित तीनै तहको सरकारमा रहने जनप्रतिनिधिहरू मिश्रित निर्वाचन प्रणालीद्वारा निर्वाचित हुने व्यवस्था पनि संविधानमा उल्लेख छ। अर्थात् बालिग मताधिकारका आधारमा आवधिक रूपमा सम्पन्न हुने मिश्रित निर्वाचन प्रणालीद्वारा निर्वाचित जनप्रतिनिधिहरूको संलग्नतामा हाम्रो समग्र शासकीय स्वरूप सञ्चालन हुने कुरालाई संविधानले व्यवस्थित गरेको छ। यस अर्थमा नेपालको संविधान र संविधानद्वारा व्यवस्थित शासकीय स्वरूपलाई संस्थागत रूपमा सुदृढ गराउने कार्यका लागि मंसिर-४ मा सम्पन्न निर्वाचनले वैधानिक आधार निर्माण गरेको छ।

२०१५ सालमा सम्पन्न आमनिर्वाचन र त्यसपछि (पञ्चायतको तीसवर्षे अवधिलाई छाडेर) २०४८ सालदेखि हालसम्म सम्पन्न हुँदै आएका सबै प्रकारका निर्वाचनहरूमा आम मतदाताहरूले उल्लेख्य रूपमा आफ्नो सहभागिता जनाउँदै आएका छन्।

स्वतन्त्र र स्वच्छताको दृष्टिकोणबाट पनि एकपछि अर्को निर्वाचनमा उल्लेख सुधार भएको देखिन्छ। स्वतन्त्र र निष्पक्ष निर्वाचन प्रणालीको सञ्चालनका लागि बलियो संस्थागत संरचना निर्माण हुँदै आइरहेको छ। केही जिम्मेवार पक्ष र व्यक्तिहरूबाट विगतका निर्वाचनहरूलाई कलुषित बनाउने केही गैरजिम्मेवार र गैरकानुनी कामहरू हुँदा समेत अधिकांश मतदाताहरूले आफ्नो विवेक प्रयोग गरेर मताधिकार प्रयोग गरेका कारण निर्वाचनका माध्यमद्वारा व्यक्त जनादेश न्यायपूर्ण र सही रूपमा प्रकट भएको पाइन्छ। यस अर्थमा विगतका निर्वाचनहरूमा आम जनता आफूलाई 'जनार्दन' का रूपमा खडा गर्न सफल भएका छन्।
लोकतन्त्रमा सम्पन्न हुने आवधिक निर्वाचन गोप्य मतदानका आधारमा सम्पन्न हुने भएका कारण मतदाताले आफ्नो विवेकको प्रयोगगरी उपलब्ध भएका राजनीतिक दल र उम्मेदवारहरूमध्येका योग्य, असल र अनुभवले खारिएका व्यक्ति र दललाई मतदान गर्ने हो भने निर्वाचनले सार्थकता पाउँछ। पाँच वर्षमा एक पटक प्रयोग गर्न पाउने आफ्नो सार्वभौम मताधिकारको अधिकारलाई कुनै प्रकारको खेलाँची नसम्झी हरेक नागरिकले मताधिकारलाई गहनता र

बाँकी अन्तिम पृष्ठमा

# वीरगन्ज रक्सौल नाका पुष ३ गते मात्र बन्द हुने ।

वीरगंज । छिमेकी मुलुक भारतको विहार राज्यमा हुनलागेको नगरपरिषद् अर्थात स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै बन्द गरिएको वीरगञ्ज-रक्सौल नाका खुलेको छ ।

बिहिबार दिउँसोदेखि अचानक भारतीय पक्षले निर्वाचनका लागि भन्दै नाका बन्द गरेको थियो । पूर्व सूचना बगैर नाका बन्द हुँदा दुवै तर्फ यात्रु र सवारीसाधन अलपत्र परेका थिए । यद्दपी भारतीय पक्षले आज शुक्रबारदेखि नाला खोलिदिएको छ । निर्वाचन हुनुभन्दा ७२ घण्टा अघि अन्तराष्ट्रिय सीमा नाका बन्द गर्नुपर्ने व्यवस्थालाई भारतको पूर्वी चम्पारण प्रशासकले खुकुलो बनाउदै नेपालसँगको



सीमा एक दिनको लागि मात्र बन्द गर्ने निर्णय गरेको हो ।

भारतीय प्रशासनले बिहीबार दिउँसो १ बजेदेखि पुष ३ गते (डिसेम्बर १८ तारिक ) राति १२ बजेसम्म ७२ घण्टाका लागि नाका सिल गरेको भएपनि सीमा क्षेत्रका नागरिकलाई आवत जावतमा अफठ्यारो परेको भन्दै निर्वाचनको दिन विहान ७ बजेदेखि साँझ ५ बजेसम्म मात्र नाका बन्द गर्नेगरी आज बिहानदेखि नाका खोलिएको छ ।

मोतिहारी पूर्वी चम्पारण जिल्ला निर्वाचन पदाधिकारी तथा जिल्ला अधिकारी विश्वास भाजनले हिजो राती एक विज्ञप्ती जारी गर्दै नेपालसँगको नाका निर्वाचनको दिन अर्थात डिसेम्बर १८ तारेखको दिन मात्र नाका बन्द रहने जनाएका थिए ।

निर्वाचनलाई भयरहित रुपमा सम्पन्न गर्न अन्तराष्ट्रि सीमा नाका तीन दिन बन्द गर्ने अभ्यास रहेता पनि दुवै देशका जनताको हितलाई ध्यानमा राखेर निर्वाचनको दिन मात्र बन्द गर्ने निर्णयमा पुगेको पूर्वी चम्पारण जिल्ला अधिकारी भाजनले जनाएका छन् ।

# दक्षिण एसियामा वायु प्रदूषण भयावह

काठमाडौं – दक्षिण एसियामा वायु प्रदूषणको अवस्था भयावह पाइएको छ । संसारका १० प्रदूषित सहरमध्ये ९ वटा दक्षिण एसिया क्षेत्रमा रहेको विश्व बैंकको अध्ययनमा पाइएको छ । बुधबार सार्वजनिक प्रतिवेदनअनुसार वायु प्रदूषणकै कारणबाट दक्षिण एसियामा हरेक वर्ष २० लाख मानिसको अकालमा मृत्यु हुने गरेको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले तोकेको मापदण्डअनुसार हावामा औसत वार्षिक पीएम २.५ एक घनमिटरमा ५ माइक्रोग्राम हुनुपर्छ । २.५ माइक्रो मिटर वा सोभन्दा साना धूलोका कणलाई पीएम २.५ भन्ने गरिन्छ । धेरै साना हुने यस्ता कणले फोक्सो हुँदै रक्तसञ्चार प्रणालीमा प्रवेश गरेर रोग लगाउने गर्छन् । यस्ता कणका कारण मुटु, श्वासप्रश्वाससम्बन्धी रोगसँगै फोक्सोको क्यान्सर पनि हुने डब्लूएचओले जनाएको छ ।

विश्व बैंकको 'स्ट्राइभिङ फर क्लिन एयर : एयर पोलुसन एन्ड पब्लिक हेल्थ इन साउथ एसिया' प्रतिवेदनमा यस क्षेत्रमा हावामा वार्षिक औसत पीएम २.५ को मात्रा ३५ माइग्रोम प्रतिघनमिटरमा पाइएको उल्लेख छ । भारतका लखनउ, कोलकाता, बनारस, नयाँ दिल्ली र पटना, नेपालको काठमाडौं, बंगलादेशको ढाका, अफगानिस्तानको काबुल र पाकिस्तानको इस्लामाबादमा वार्षिक रूपमा हावामा धूलोका कणको मात्रामा औसतभन्दा धेरै छ । प्रतिवेदनअनुसार हावामा पीएम २.५ को मात्रा धेरै जनसंख्या भएको ठाउँमा २० गुणाभन्दा बढी पाइएको छ ।

प्रतिवेदनले वायु गुणस्तरका लागि दक्षिण एसियाली मुलुकहरूमा बनाइएको नियम पनि प्रभावकारी कार्यान्वयन नभएको औंल्याएको छ । 'वायु गुणस्तरका लागि बनाइएको कानुन प्रभावकारी छैन । यसलाई पूर्ण रूपमा प्रभावकारी बनाउने हो भने वायु गुणस्तरमा सामान्य सुधार मात्रै ल्याउन सकिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'यो समस्या समाधानका लागि उत्सर्जनमा कटौतीसँगै क्षेत्रीय रूपमा पहल र समन्वयको खाँचो छ ।' पूर्ण रूपमा नीतिगत व्यवस्था कार्यान्वयन गरिए हावामा धूलोका कणको मात्रा ४ प्रतिशतले मात्रै घट्ने प्रतिवेदनमा उल्लेख छ । २०१८ देखि २०३० मा यस क्षेत्रमा धूलोका कणको मात्रा १२ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएको छ । प्रतिवेदनले खाना पकाउन

***बाँकी तेश्रो पृष्ठमा***

# वीरगञ्जका मेयर सिंह नगरवासीको घरदैलोमा, वीरगञ्जको विकासका लागि साथ दिन आग्रह



वीरगञ्ज,

वीरगञ्जको बसपार्कदेखि लक्ष्मणवा हुँदै गण्डकसम्म पुग्ने सहायक बाइपास सडकखण्डमा भइरहेको जथाभावी पार्किङ हटाउन महानगरले चेतावनी दिएको छ । महानगरका मेयर राजेशमान सिंहसहितको टोलीले शुक्रबार बिहान उक्त सडक खण्डको स्थलगत अवलोकन गर्दै सडकमै पार्किङ गरिएको र निर्माण सामग्री राखेर आउजाउ गर्नै समस्या बनाएको भेटेपछि तत्काल हटाउन चेतावनी दिइएको हो ।

सडकमा जथाभावी पार्किङ गर्ने र निर्माण सामग्री असरल्ल पारेर राख्दा आउजाउमा समस्या हुनुका साथै दुर्घटना हुन सक्ने भएकाले हटाउन लगाइएको हो । आज हटाउन चेतावनी दिएर आइएको र भोलीदेखि हटाएको नभेटिए महानगर आफैले हटाउने छ ।

सहायक बाइपाससँगै बाइपास सडक खण्डमा अहिले ठूला सवारी साधन बस, ट्रक जस्ता सवारी जथाभावी पार्किङ गर्ने गरेको भेटिने गरेको छ । यस्तै मेयर सिंहसहितको टोलीले वडा नम्वर ४ विर्तामा लाग्ने माछा बजारका कारण उक्त क्षेत्र दुर्गन्धित हुन पुगेको भन्दै जथाभावी फोहोर नफाल्न व्यवसायीहरुलाई आग्रह गरेको छ ।

फोहोर तत्काल व्यवस्थापन गर्दै माछा बजार संचालन गर्न सचेत गराइएको मेयरका स्वकीय सचिव सत्यराज घिमिरेले जानकारी दिए । टोलीले वडा नम्वर ५ र ३ का विभिन्न स्थानको अवलोकन गर्दै त्यहाँका स्थानीयसँग छलफल पनि गरेको छ । भेटका क्रममा मेयर सिंहले वीरगञ्जको विकासका लागि आ-आफ्नो ठाउँबाट साथ दिन अनुरोध गरेका थिए ।

# कांग्रेस पर्साका नेता राकेश सिंह बधाई पाए तर सांसद पाएनन् ।




वीरगञ्ज । समानुपातिकतर्फको अन्तिम नतिजा नआउँदै बधाई तथा शुभकामना दिन सामाजिक सञ्जालमा हतारो देखियो । नेपाली कांग्रेसका नेता राकेश सिंहलाई सामाजिक सञ्जालमा बधाईको ओइरो आयो । मधेश प्रदेशको प्रदेश सभा सदस्यमा समानुपातिक सांसद बनेको भन्दै उनलाई बधाई दिनेको कमी थिएन ।महोत्तरी जन्मथलो भएपनि पर्सा जिल्ला र वीरगञ्जलाई कर्मथलो बनाएका सिंहले बधाई त पाए तर अन्तिममा आएर समानुपातिकबाट प्रदेश सभा सदस्य बन्न पाएनन् । उनी सांसद बन्नबाट योसहित तेस्रो पटक बञ्चित भएका छन् । २०५१ सालमा ठाकुरराम बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी यूनियन ( स्ववियू) सभापतिसमेत रहेका सिंह यसअघि पनि २ पटक बधाई पाएर पनि सांसद हुन पाएका थिएनन् ।

नेपाल विद्यार्थी युनियनका केन्द्रीय सदस्यसमेत भइसकेका उनको नाम २०६४ सालको पहिलो संविधान सभा सदस्यको निर्वाचनताका पनि समानुपातिक सांसदको अन्तिम बन्दसूचीमा थियो । त्यति बेला पनि पार्टीकै आन्तरीक कलहका कारण सांसद बन्न नपाएका उनलाई २०७० सालको दोस्रो संविधान सभामा पनि त्यही परिपाटी दोहोरियो ।

२०७९ मा सम्पन्न आम निर्वाचनमा पनि समानुपातिकतर्फ प्रदेश सभा सदस्यमा उनको नाम थियो । धेरैले बधाई तथा शुभकामना पनि दिए । त्यतिबेलाको परिवेश हेर्दा सिंहलाई पनि यसपटक त आफुलाई प्रदेश सभा सदस्य बन्न कसैले नरोक्ने लागेको थियो । तर अन्तिम समयमा फेरी पूरानै परिपाटी दोहोरिँदा उनी यसपटक पनि प्रदेश सभा सदस्य बन्न सकेनन् ।

पटकपटक उनको नाम अन्तिम बन्द सूचीमा पर्नु तर निर्वाचित नहुनुले उनलाई भाग्यले ठगेको हो कि पार्टीले धोका दिएको भनेर छुट्याउन पनि मुस्किल पर्छ । यद्यपी उनको पार्टीप्रति राजनीतिक योगदान पनि महत्वपूर्ण रहेको नेपाली कांग्रेसका युवा नेता राकेश यादव मितवा बताउँछन् । विशुद्ध राजनीतिकर्मीका साथै असल र इमान्दार नेताहरुको नामभित्र उनको नाम अग्रस्थानमा आउने मितवाको भनाई छ ।

अहिले टिकट नपाउँदैमा पार्टी फेरबदल गर्ने क्रम बढ्दै गएको अवस्थामा अवसरकै लागि पार्टी फेर्न नहुने धारणा सिंहको छ । उनी नेपाली कांग्रेसभित्रै निरन्तर सक्रिय रहनुले उनको इमान्दारीतालाई स्पष्ट पार्दछ ।

## सुशासनयुक्त.....

जिम्मेवारीका साथ प्रयोग गर्ने हो भने लोकतन्त्रमा जनता स्वयम्द्वारा शासित हुन्छन् भन्ने मान्यतालाई स्थापित गर्ने आधार निर्माणमा ठूलो योगदान पुग्न सक्दछ।

यस अर्थ, लोकतन्त्रमा मताधिकारको सही र स्वतन्त्र प्रयोगको व्यापक महत्त्व र दूरगामी प्रभाव हुने भएका कारण कुनै पनि मतदाताले आफ्नो मताधिकारको अधिकारलाई उपेक्षाभावका साथ हेर्नु हुँदैन।

मुलुकका जिम्मेवार राजनीतिक शक्तिहरूले पनि निर्वाचनबाट व्यक्त जनमतलाई गम्भीरताका साथ आत्मसात् गरी मुलुकलाई सहीरूपमा अघि बढाउन जिम्मेवारीका साथ आफूलाई समर्पित गर्नु पर्छ ।

समाजका जिम्मेवार र शिक्षित समुदायले निर्वाचनप्रति सकारात्मक सन्देश फैलाई निर्वाचनमा व्यापक सहभागिताको अवस्था सिर्जना गर्न जिम्मेवारीका साथ आफूलाई प्रस्तुत गर्नु जरुरी हुन्छ।

निर्वाचनलाई दूषित गराउने कुनै पनि किसिमका क्रियाकलापहरूलाई परास्त गर्ने र निर्वाचनप्रति कुनै पनि रूपमा सिर्जना गरिएका नकारात्मकताको भावनाबाट निर्वाचन प्रक्रियालाई बचाउने काममा समाजका सबै जिम्मेवार पक्षहरूले आ-आफ्नो ठाउँबाट सक्रिय भूमिका निर्वाह गर्नु पर्छ। हामी आफ्नो 'भलाइ' चाहन्छौं भने यो 'भलाइ' केवल लोकतान्त्रिक शासन पद्धतिबाट मात्र सम्भव छ।

मताधिकारको अधिकारले व्यक्तिको निर्णायकत्व स्थापित गर्ने भएका कारण निर्वाचनमा हरेक मतदाताले म पहिलो मताधिकार प्रयोग गर्ने मतदाता हुनेछ भन्ने मानसिकता राख्नु जरुरी हुन्छ। आफूमा निहित 'सार्वभौमसत्ता र राजकीयसत्ता' अभिव्यक्त हुने मताधिकारको अधिकारलाई कुनै पनि बहानामा प्रभावित हुन नदिई त्यस्को स्वतन्त्र प्रयोग गर्ने नागरिकले मात्र राष्ट्र निर्माणमा योगदान गर्न सक्छ। निहित स्वार्थपूर्तिका लागि मताधिकारको अधिकारको दुरुपयोग गर्ने र गराउन चाहने व्यक्तिलाई भोलिको शासनसत्तासँग कुनै पनि किसिमको गुनासो गर्ने नैतिक आधार रहँदैन।

जनप्रतिनिधिहरू स्थिर सरकार र सुशासनसहितको शासनको लागि अधिकतम रूपमा जिम्मेवारीका साथ लाग्न जरुरी छ।

आवधिक रूपमा सम्पन्न हुने निर्वाचनलाई स्वतन्त्र र मर्यादित रूपमा सम्पन्न गराउने काममा निर्वाचन आयोग, राज्यसन्यन्त्र, राजनीतिक दलहरू, स्वयम् उम्मेदवारहरू, सञ्चारजगत्, नागरिक समाज, मतदाता र अन्तर्राष्ट्रिय समुदायको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यसमा पनि सबैभन्दा बढी मतदाताहरूले निर्वाचनसँग सम्बन्धित आवश्यक जानकारीसहित आफ्नो मताधिकारलाई स्वतन्त्र रूपमा प्रयोग गर्न सकेन भने निर्वाचनको पवित्रता कायम रहन सक्दैन। यस अर्थमा हरेक मतदाताले स्वतन्त्र र निर्भीक रूपमा मताधिकारको प्रयोग गर्न पाउने अवस्थाको सिर्जना गर्न राज्य, राजनीतिक दल र निर्वाचन आयोगले जिम्मेवारीका साथ काम गर्नु जरुरी छ। यदि यी तीन निकायहरूबाट आफ्नो जिम्मेवारी अनुरूपको काम भएको छैन भने यी निकायहरूलाई जिम्मेवार बताउन नागरिक समाज, सञ्चारजगत्, न्यायपालिका र स्वयम् मतदाताहरूले खबरदारी गर्न सकेमात्र हामी आगामी निर्वाचनलाई मर्यादित र अर्थपूर्ण रूपमा सम्पन्न गरी लोकतन्त्रको सुदृढीकरणमा योगदान पुऱ्याउन सक्छौं। दलीय रूपमा होस् अथवा व्यक्तिगतरूपमा निर्वाचनमा होमिने उम्मेदवारहरूले जनतासँग मत माग्ने, जनता समक्ष आफ्नो कुरा राख्ने, जनताको विवेकमा विश्वास गर्ने तर मैले जित्नै पर्छ भन्ने गलत मान्यतामा मतदाताहरूलाई गलत किसिमबाट आफ्नो पक्षमा नल्याउने व्यवहार मात्र गर्ने हो भने स्वतन्त्र निर्वाचन सम्भव छ।

एकै दिनमा हामीले संघ र प्रदेशसभाको निर्वाचन सम्पन्न गरेर ठूलो उपलब्धि हासिल गरेका छौं। आवधिक निर्वाचनको सफलताले लोकतन्त्रको संस्थागत विकासमा ठूलो योगदान पुगेको छ । एकैदिन निर्वाचन सम्पन्न गराउने काम चुनौतीपूर्ण र कठिन कार्य हो। अतः निर्वाचनलाई मर्यादित रूपमा सम्पन्न गराउने काममा सबैको सहयोग आवश्यक रहन्छ।

यस कार्यका लागि विशेषगरी निर्वाचन आयोगलाई सबैका तर्फबाट सहयोग, शुभचेच्छा हुनु पर्छ। मुख्य रूपमा निर्वाचनलाई मर्यादित बनाउने कार्यमा राजनीतिक दलहरू र उम्मेदवारहरूको जिम्मेवार भूमिका अपरिहार्य हुन्छ। सबै पक्षहरूबाट अनिवार्य रूपमा निर्वाचन संहिताको पालना हुनुपर्छ। कसैले पनि बिर्सन नहुने कुरा के हो भने, हामी लामो समयदेखि राजनीतिक अस्थिरताको स्थितिबाट गुज्रिर्दै आएका छौं।

तर पनि २०१५ साल र २०४८ सालयता सम्पन्न भएका हरेक निर्वाचनहरूले लोकतन्त्रलाई संस्थागत गराउने कामका लागि फराकिलो आधार निर्माण गर्दै आएको छ। मंसिर ४ गते सम्पन्न हुने निर्वाचनले पनि लोकतन्त्रको सुदृढीकरण र विधिको शासनको सुनिश्चितताका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सफलताका साथ सम्पन्न भई ३५ हजारभन्दा माथिको संख्यामा रहेका जनताबाट निर्वाचित प्रतिनिधिहरूले मुलुकको शासन सञ्चालन गर्ने अवस्था सिर्जना हुनु सामान्य उपलब्धि होइन। जनताबाट निर्वाचित सबै तहका जनप्रतिनिधिहरूले जिम्मेवारीका साथ आफूलाई सुम्पेको विश्वास र जिम्मेवारी पूरा गर्ने हो भने मात्र मुलुकले खोजेको विकास, सुशासन र स्थायित्व सम्भव हुन्छ। समग्रमा हामीले आत्मसात् गरेको प्रतिनिधित्वमूलक शासन व्यवस्थाको सफलता जनताबाट निर्वाचित प्रतिनिधिहरूबाट निर्वाह हुने जिम्मेवार
भूमिकामा निर्भर हुन्छ।

अन्त्यमा भन्ने गरिन्छ, एउटा व्यवस्थित लोकतन्त्रमा निर्वाचनले विवादहरू टुंग्याएर सहमति कायम गर्छ भने एउटा अस्थिर समाजमा निर्वाचनको परिणामले मुलुक अर्को विवादको भुँमरीमा परेको देखिन्छ। हामी लामो समयदेखि राजनीतिक अस्थिरताको स्थितिबाट गुज्रँदै आएका छौं। हामी आन्तरिकभन्दा बाह्य शक्तिका कारण अस्थिर हुँदै आएका छौं। जे भए पनि २०४६ सालको परिवर्तनपछिको प्रतिकूल परिस्थितिको अवस्थामा हामीले उल्लेख्य उपलब्धि हासिल गरेका छौं। केही पनि भएको छैन भन्ने हिसाबबाट जुन भ्रम सिर्जना गर्न खोजिएको छ।

त्यसबाट सतर्क हुनु जरुरी छ। जुन किसिमको निर्वाचनको नतिजा आएको छ। त्यसैलाई आत्मसात् गरी आआफ्ना ठाउँबाट हरेक जनप्रतिनिधिहरूले गम्भीर जिम्मेवार भएर स्थिर सरकार र सुशासनसहितको शासनको लागि अधिकतम रूपमा जिम्मेवारीका साथ लाग्न जरुरी छ। निरन्तरतामा परिवर्तनको मान्यतामा हामी अगाडि बढ्न सके मात्र गन्तव्यमा पुग्न सक्छौं। - भट्ट, संवैधानिक कानुनका जानकार हुन्। **साभार अन्नपूर्णपोष्ट्**